## ओमसतिया गाउँपालिकाको कार्यालय

### हाटीफर्साटिकर,रुपन्देही ।

### शिलबन्दी वोलपत्र सम्बन्धि १५ (पन्ध्र) दिने सूचना ।

### प्रथम पटक प्रकाशित मिति २०७५/०२/०२

यस ओमसतिया गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ देखि ०८४।०८५ सम्मको लागि यस गाउँपालिका अन्तर्गतका निम्न लिखित वडा हरुमा अवस्थित पोखरीहरुको सिलवन्दी बोलपत्रद्धारा ठेक्का पट्टाको बन्दोवस्त गर्नु पर्ने भएकोले ओमसतिया गाउँ कार्यपालिकाको मिति २०७५/०१/२५ निर्णय नं. २ बमोजिम न्यूनतम मूल्य कायम भए अनुसार बोलपत्र आव्हान गरिएको छ ,ईच्छुक व्यक्ति तथा फर्मबाट देहाय बमोजिमका शर्तहरुको अधिनमा रही सो कार्य गर्नको लागि प्रथम पटक यो शिलबन्दी बोलपत्रको सूचना प्रकाशित गरिएको छ ।

### आवश्यक शर्तहरु

- माछापोखरीको ठेक्का लिन चाहने व्यक्ति वा फर्मलाई सोको बोलपत्र फारम यस ओमसतिया गाउँपालिकाको कार्यालयबाट प्राप्त हुनेछ ।
- प्रत्येक वडाको ठेक्काको लागि छुट्टा छुट्टै बोलपत्र खरिद गर्नु पर्नेछ ।
- ठेक्काको रकम अंक र अक्षरमा स्पष्ट बुझिने गरी लेख्नु पर्नेछ । यदि अंक र अक्षरमा फरक परेकोमा अक्षरमा उल्लेख भएको लाई आधिकारीक मानिनेछ ।
- आफुले कबोल गरेको रकम ५ प्रतिशतले हुन आउने रकम धरौटी स्वरुप यस गाउँपालिकाको एनएमवि बैंक लिमिडेट, ठुटिपिपल, शाखामा रहेको धरौटी खाता हि.नं. धरौटी खाता ०४००९१००५७७६४५००००४ मा जम्मा गरेको सक्कल भौचर संलग्न हुनु पर्नेछ ।
- कार्यालय प्रमुखको सहीछाप नभएको, म्याद नाघी आएको, अन्य कानून बमोजिम रीत नपुगेको बोलपत्रलाई मान्यता दिईने छैन ।
- बोलपत्र फाराम रु. १०००। को नगदी रसिद काटी (फिर्ता नहुने गरी) यस कार्यालयबाट कार्यालय समयमा प्राप्त गर्न सकिने छ ।
- बोलपत्र सूचना प्रकाशित भएको मितिले पन्ध्रौं दिन वा मिति २०७५।०२।१६ सम्म कार्यालय समयमा यस कार्यालयबाट खरिद गर्न सकिने छ ।
- बोलपत्र सूचना जारी भएको सोह्रौं दिन वा मिति २०७५।२।१७ को दिन दिउँसो १२ वजे भित्र शिलवन्दी गरी यस कार्यालयमा दर्ता गरी सक्नु पर्ने छ ।
- बोलपत्र पत्र दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा भोलिपल्ट सोही समयमा दाखिला गर्न सकिने छ ।
- बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार गाउँपालिकाको हुनेछ ।
- रीत पूर्वक दर्ता भएका शिलवन्दी बोलपत्ररु सोही दिन वा मिति २०७५।२।१७ को ठीक २ वजे यस कार्यालयमा फर्म वा व्यक्तिका प्रतिनिधी र कार्यालयको रोहवरमा खोलिने छ । कुनै फर्म वा व्यक्तिको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्नको लागि कार्यालयलाई कुनै किसिमको बाधा पर्ने छैन ।
- प्राप्त भएका बोलपत्र मध्ये उच्चतम अंक बोल कबोल भएको फर्मको बोलपत्र यस कार्यालयले स्वीकृत गरेर सम्बन्धित फर्मलाई जानकारी दिनेछ ।
- बोलपत्र स्वीकृत भएको मितिले ७ दिन भित्र आफ्नो बोल कबोल अंकको १० (दश) ले भाग गर्दा कायम हुने रकम यस गाउँपालिकाको एनएमबि बैंक लिमिटेड ठुटिपिपल शाखाको मुल खाता हि.नं. ०४००९१००५७७६४५००००१ मा जम्मा गर्नु पर्नेछ । साथै त्यसरी कायम भएको रकम प्रत्येक आर्थिक वर्ष शुरु भएको मितिले ७ दिन भित्र जम्मा गर्नु पर्नेछ । बोल कबोल अनुसारको सम्झौता भएको रकम कुनै पनि अवस्थामा छुट हुने छैन ।
- बोलपत्र सम्बन्धी अन्य थप जानकारी लागि यस गाउँपालिकाको कार्यालयमा सम्पर्क गर्न वा ९८५७०१७६१० वा ९८५७०४६०४३ मा फोन गरी थप जानकारी लिन सकिने छ ।
- यस उल्लेख अन्य कुराको हकमा प्रचलित ऐन नियम अनुसार हुनेछ ।

रामु नेपाल
प्रमुख प्रशासकीय अधिकृत

| सि.न. | ओमसतिया गाउँपालिका अन्तर्गत वडा नं. ६ मा रहेका पोखरीहरु | रकम |
|---|---|---|
| १ | बेतवलिया टोलको पोखरी - ५, पाठकपुर टोलको पोखरी-१, नौडिहवाको पोखरी १, नरैनापुरको पोखरी ६, जमुहानीको पोखरी-२ मझौलीको पोखरी २ , बघेलाको घोल १, महाव घोल र केकडहवाको घोल २ समेतको | एकमुष्ठ १८०००००।- (अक्षेरुपी अठार लाख मात्र) |
| २ | **ओमसतिया गाउँपालिका अन्तर्गत वडा नं. ५ मा रहेका पोखरीहरु** | |
| | तरैनी गाउँको पुर्व ठुलो पोखरी १, तलरी पट्खौली पोखरी १, तरैनी गाउँको पश्चिमको पोखरी १, कैलाश नगर गाउँ दक्षिण नौडिहवा तलरी पोखरी १, सिसहनिया पोखरी १, पट्खौली दक्षिण हेलवावाला पोखरी १, लोधपुर गाउँको उत्तर पोखरी १, भेलाई गाउँ पश्चिमको ठुलो पोखरी १, भेलाई गाउँको पुर्वको सानो पोखरी १, सिसहनिया निवहवा नाला १, मटखनवा पोखरी १, कुकरहवा नाला १, पट्खौली सिसहनिया (साविक ९ वडा नं.) २, डाकुसाद पोखरी १ समेत | एकमुष्ठ ३२०००००।- (अक्षेरुपी बत्तिस लाख मात्र) |
| ३ | **ओमसतिया गाउँपालिका अन्तर्गत वडा नं. ३ मा रहेका पोखरीहरु** | |
| | दुमदुमवाका पोखरी ४, लालपुरको पोखरी १, तरकुल्लाहको पोखरी ३, करुवानीको पोखरी १, र लोहरौलीको पोखरी १ समेत | एकमुष्ठ ५०००००।- (अक्षेरुपी पाँच लाख मात्र) |